**८ मार्च २०१३**

**यौन हिंसाका पीडित महिलाको लागि न्यायमा पहुँच पुऱ्याउन सरकारी प्रतिबद्धताको आवश्यकता ।**

**प्रेस विज्ञप्ति**

एड्भोकेसी फोरमले हालै प्रकाशित गरेको "नेपालमा यौनजन्य तथा लैंगिक हिंसाका पीडितको न्यायप्राप्तिका चुनौती" नामक आफ्नो सामयिक पत्रमार्फत द्वन्द्वका दौरान भएका यौन तथा लैङ्गिक हिंसाको गहनतालाई उजागर गर्दै द्वन्द्वपश्चातका समयमा पनि यसका पीडित महिला र बालिकाले भोग्नु परेको गम्भीर प्रभावलाई देखाएको छ । **१०२औं अन्तर्राष्ट्रिय महिला दिवस**को अवसरमा प्रकाशन गरिएको उक्त पत्रले यौनहिंसाका घटनामा हुने दण्डहीनतालाई सरकारले मौन स्वीकृतिदिनुले पनि द्वन्द्वोत्तर समयमा यस्ता घटनालाई वैधानिकता प्रदान मात्र नगरी घटनालाई अझ बढाउन प्रोत्साहन समेत गरेको कुरामा जोड् दिएको छ ।

द्वन्द्वका दौरान राज्य र गैरराज्य पक्षबाट व्यापक रूपमा यौन हिंसाका कार्य भएतापनि नेपाल सरकारले यस्ता हिंसाका मुद्दाको न त अभिलेख नै राखेको छ न त हिंसा भएको स्वीकार नै गरेको छ । नेपाली समाजमा व्याप्त यौन हिंसाका पीडितप्रतिको नकरात्मक दृष्टिकोण र पीडितहरू मौनताको आवरणमा बस्नुपर्ने संस्कार नै तथ्याङ्क संकलनका सबै भन्दा ठूला चुनौतीहरू हुन् । द्वन्द्वकाल र द्वन्द्वपश्चात्का यौन हिंसाका सम्पूर्ण मुद्दामा महिलाहरूले हिंसाको घटनालाई बाहिर ल्याउँदा उनीहरू दोहोरो रूपमा प्रताडित हुने खतरा रहन्छ । उनीहरूले यौन हिंसाको मात्र सिकार हुनुपर्ने नभई पछि आफ्नो आत्मसम्मान समेत गुम्नेगरी बदनामी र लाञ्छना सहनु पर्ने हुन्छ । तसर्थ अत्यन्त न्यून संख्यामा महिलाहरू कानुनी उपचारका लागि अगाडि आउने तथ्यलाई आश्चर्य मान्नु पर्दैन ।

एड्भोकेसी फोरमको अनुसन्धानले द्वन्द्वका दौरान भएका यौन हिंसाका प्रवृत्तिको खुलासा गरेको छ । अनुसन्धानका निष्कर्षले के देखाएको छ भने द्वन्द्वकालका दौरान सुरक्षा फौज र माओवादीले विशेषगरेर महिला र बालिकालाई बलात्कार र अन्य यौन हिंसाकालागि लक्षित गर्दथे । अनुसन्धानको निष्कर्षले के पनि देखाएको छ भने द्वन्द्वका दौरान घरमा पुरुष सदस्यको अनुपस्थितिको फाइदा सुरक्षाफौज, माओवादी र अन्य व्यक्तिहरूले लिएका थिए किनकि यस्तो समयमा महिला र बालिकालाई लक्षित गर्न सहज हुन्थ्यो ।

एड्भोकेसी फोरमले अभिलेख गरेको कुल १२८ यौन हिंसाका मुद्दा मध्ये अधिकांश घटनाहरू राज्य पक्षबाट(७३%) गराइएका थिए जुन ठूलो चिन्ताको विषय हो । यस मध्ये आधाभन्दा बढी (५७%) घटनामा एकभन्दा बढी पीडकको संलग्नता रहेको पाइएको छ । यो प्रवृति भयावह किन पनि छ भने यसले द्वन्द्वका दौरान यौन हिंसा गरिनु "स्वीकार्य" हुन्छ र पीडकहरू यस्ता कार्य समूहमा समेत बेफिक्रिक रूपमा गर्छन् भन्ने दण्डहीनताको संस्कारतर्फ इङ्गित गर्दछ ।

प्रस्तुत पत्रले पीडितले न्याय प्राप्तिका दौरान सामना गर्नुपर्ने समस्यालाई पनि उजागर पारेको छ । नेपालको कानुनमा रहेको बलात्कारको परिभाषाले बलात्कारलाई केवल शारीरिक हमलाको साँघुरो घेरा भित्र राखी पीडितको शारीरिक गरिमाको उल्लंघन र महिलामाथी माथी हुने भेदभाव जस्ता कुरालाई उपेक्षा गरेकोले सो परिभाषा अन्तर्राष्ट्रिय मापदण्डअनुकुल छैन । यस्तैगरी गोपनियताको अभाव, ३५ दिने हदम्यादको कानुन,  यौनजन्य र लैगिक हिंसामा उजुरी गर्ने प्रणालीमा एकरुपता नहुनु, तालिम प्राप्त स्वास्थ्यकर्मीको अभावका कारण पीडितको न्याय प्राप्तिको मार्ग थप कष्टप्रद बनेको छ ।

सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० को कार्यान्वयनका लागि नेपाल सरकारले लागु गरेको महिला, शान्ति तथा सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना स्वागतयोग्य भएतापनि द्वन्द्वकालका यौन हिंसाका घटनामा दण्डहीनता अन्त्य गर्नेतर्फ गरिएको ठोस प्रगति भने भाषणबाजी मै सीमित रहेको छ । यसका अतिरिक्त, संक्रमणकालीन न्यायको प्रक्रियामा हालै भएका विकासले वास्तवमा सुरक्षा परिषद्को पारित प्रस्ताव १३२५ र १८२० को कार्यान्वयनमा एक कदम पछाडि हटेको संकेत दिन्छन् । सरकारले दण्डहीनतालाई संस्थागत गर्ने गरी अवलम्बन गरेको अनेकौं कार्य मध्ये अगस्ट २०१२ मा संक्रमणकालीन न्यायका संयन्त्र गठन गर्ने सबभन्दा पछिल्लो सरकारी अध्यादेशले आयोगलाई व्यापक अधिकार दिएर यौन हिंसालगायत गम्भीर मानवअधिकार उल्लंघन गरेका पीडकसमेतलाई आममाफी दिने व्यवस्था गरेको छ । तसर्थ सम्पूर्ण समस्यहरूलाई अविलम्ब सम्बोधन गर्दै पीडितलाई न्याय र परिपुरण प्रदान गर्न सरकारसँग माग गर्दै एड्भोकेसी फोरमको प्रस्तुत सामयिक पत्रले निम्न सिफारिसहरू गरेको छ :

- कानुनी सुधार : सबै प्रकारका यौन र लैगिक हिंसालाई फौजदारी अपराधण बनाउने कानुनको व्यवस्था गरिनुका साथै बलात्कारको हदम्यादसम्बन्धी कानुनमा सुधार, पीडित र साक्षी सुरक्षासम्बन्धी उचित व्यवस्था कानुनी सहायताको प्राप्ति र पहुँचको प्रत्याभूति गर्नुपर्छ ।
- अनुसन्धान र अभियोजनको प्रणालीमा सुधार : यौनजन्य हिंसालगायका महिलाविरुद्ध हुने हिंसाका घटनाको अनुसन्धान र अभियोजनमा सबै पक्षबाट सहयोग र समन्वय हुने प्रत्याभूति गर्नुपर्छ । प्रहरी कार्यालयमा छुट्टै लैंगिक सम्पर्क व्यक्ति, व्यवस्था, लैगिक हिंसासम्बन्धी मुद्दाको अनुसन्धान गर्न विशेष इकाइ, प्रहरी र सरकारी वकिललाई यौनजन्य हिंसाका मुद्दालाई कसरी सम्बोधन गर्ने भन्ने तालिमलगायत फौजदारी न्याय प्रणालीको विभिन्न क्षेत्रमा विशेष तालिमप्राप्त महिला अधिकारीहरूको नियुक्तिको व्यवस्था गर्नुपर्छ ।
- गोपनीयता : अनुसन्धान, अभियोजन र अन्य कानुनी प्रक्रियाका दौरान पीडितको गोपनीयताको रक्षा गर्ने तथा तिनीहरूको मुद्दालाई सञ्चारमाध्यमबाट सार्वजनिक हुन नदिने कुराको प्रत्याभूति गर्नुपर्छ ।
- साधनस्रोतको व्यवस्था : राष्ट्रिय महिला आयोग र भविष्यमा स्थापना हुने सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोगजस्ता निकायलाई साधनस्रोतको व्यवस्था गर्दा लगायत कर्मचारी छनौट गर्दा वा अन्य कामकारबाहीमा लैङ्गिक संवेदनशील नीति तथा कार्यविधि अवलम्बन गर्नुपर्छ । यस्तै राज्यका अन्य निकायहरूमा समेत महिलाको समान प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्दछ ।
- स्वास्थ्य जाँच प्रणालीमा सुधार : विशेषगरी सामुदायिक स्तरका स्वास्थ्य सेवालगायतका स्वास्थ्य सेवामा बलात्कार लगायत द्वन्द्वपीडित महिलालाई निःशुल्क वा न्यून शुल्कमा स्वास्थ्य जाँच हुने व्यवस्था गर्नुपर्छ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग : सरकारले हालको अध्यादेश खारेज गर्नुपर्छ र पीडित र नागरिक समाजक समावेश हुनेगरी आयोग गठनको सवालमा सार्वजनिक परामर्शको थालनी गर्नुपर्छ । सत्य आयोगको कार्यादेशमा द्वन्द्वकालमा विशेषतः महिलाविरुद्ध भएका मानवअधिकार उल्लंघनका घटनाको अनुसन्धानको प्रावधान राखिनुपर्दछ । पीडित र सम्बन्धित सरोकारवालासँग व्यापक परामर्श बैठक गरी आएका सवाललाई सम्बोधन गर्नेगरी आयोग स्थापना गर्ने कानुनलाई अन्तिम रूप दिनुपर्दछ । आयोगका आयुक्त तथा कर्मचारी नियुक्त गर्दा महिला र पुरुषको समान प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । पीडित महिला तथा बालिका र साक्षीको गोपनीयता तथा सुरक्षा सुनिश्चित गर्नुपर्दछ । लैङ्गिकता र महिलाको अनुभवप्रति लक्षित विशेष बन्द सुनुवाइको आयोजना गर्नुपर्दछ । अन्तिम प्रतिवेदनमा महिलाहरूले भोगेका मानवअधिकार उल्लंघनलाई सम्बोधन गर्ने र तिनीहरूको सामाजिक हैसियतको

वृद्धि गर्ने सिफारिस छुट्टै समावेश गरिनुपर्दछ । आयोगको अन्तिम प्रतिवेदन वितरित/प्रसारित गरिनुपर्दछ । यसका अलावा लैङ्गिक संवेदनशील अनुसन्धान र लैङ्गिकतामा आधारित हिंसासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको कानुनसम्बन्धमा सम्बन्धित सबै सरोकारवालालाई प्रशिक्षित गर्नुपर्ने सुझाव प्रस्तुत गर्न सक्ने अधिकार दिइनु पर्दछ। यस्तै बलात्कार लगायतका जघन्य अपराधका दोषीलाई माफी दिने व्यवस्था निषेध गर्नुपर्दछ ।

- अन्तरिम राहत र परिपूरण: विद्यमान अन्तरिम राहत कार्यक्रममा बलात्कार, यातना र अन्य किसिमका यौन हिसांबाट पीडित भएकालाई समावेश गरिनुपर्दछ । कसुरको गाम्भीर्यलाई मध्येनजर गर्दै बलात्कार र यातनाको हकमा राहत रकम गैरकानुनी हत्या तथा बेपत्ताजस्ता संगीन अपराधको अनुपातमा वितरण गर्नुपर्दछ ।

मन्दिरा शर्मा

अध्यक्ष, एड्भोकेसी फोरम